"एसियाको एक बहुप्रतिष्ठित र प्रभावकारी मानव अधिकार संस्था" – ह्यूमन राइट्स वाच

एड्भोकेसी फोरम मानव अधिकार र कानुनी शासनको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था हो। मानवअधिकारको पक्षमा वकालत गर्नको लागि मानव अधिकार कानुन व्यवसायीहरुद्वारा २०५८ सालमा यस संस्थाको स्थापना भएको हो। यस संस्थाले मानवअधिकार उल्लंघनका विषयमा सुनुवाई, अनुसन्धान, अभिलेखीकरण, तालिम, निशुल्क कानुनी सहयोग र राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा वकालतको काम गर्छ।

# संक्रमणकालीन न्याय

Advocacy Forum Newsletter — May/June 2008

# सरकारी पुनर्लाभ नीति: एक अपूर्ण कोसेढुङ्गा

नेपाल सरकारले हालसालै मात्र "द्वन्द्वपीडितको लागि आर्थिक सहायता र राहत प्रदान गर्ने निर्देशिका" (पुनर्लाभ नीति) को मस्यौदा विधयेक केही सीमित चुनिएका संघसंस्थाहरूलाई उपलब्ध गरायो। शान्ति तथा पुनर्निमाण मन्त्रालयका अनुसार सो मस्यौदालाई गत जुन २००८ मा मन्त्रिपरिषद्ले अनुमोदन पनि गरिसक्यो। तर यस लेखको सहजताका निम्ति अब उपरान्त सो मस्यौदा विधयेकलाई "मस्यौदा नीति वा नीति" भनिनेछ किनकि यस मस्यौदालाई परामर्शका लागि सम्बन्धित सरोकारवालाहरू माझ सार्वजनिक गरिएको छैन र यसको कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेबारे अझैसम्म निर्क्योल पनि गरिएको छैन। यस परिप्रेक्ष्यमा यो नीति सम्बन्धित सबै पक्ष (विशेषगरी पीडितहरू) समक्ष सार्वजनिक गरी तिनीहरूको अभिमतहरू आत्मसात गर्नको लागि हामी सम्बन्धित निकायलाई आग्रह गर्दछौं।

सरकारले सो नीति अनुमोदन गर्नु वास्तवमै प्रशंसनीय छ किनकि यसले द्वन्द्वपीडितको समस्याहरूलाई सम्बोधन गर्ने कुरामा गम्भीरता देखाएको छ। तर यस निर्देशिकाको आद्योपान्त अध्ययन गर्दा विभिन्न सरोकारका विषयहरू उठदछ जसले पीडितलाई राहत दिने मूलभूत उद्देश्यलाई ठाडै ओझेलमा पार्दछ। समस्याको चुरो भनेको नै सरकारले पीडितहरूको पुनर्लाभ प्राप्त गर्ने अधिकारलाई सही ढङ्गले समेट्न नसक्नु हो। हतारमा र त्रुटिपूर्ण नीतिनिर्माण प्रक्रियाले गर्दा वास्तविक द्वन्द्वपीडितहरूलाई पुनर्लाभ प्राप्त गर्नबाट वञ्चित गर्नसक्ने देखिन्छ। प्रस्तावित पुनर्लाभ नीति वास्तवमा आर्थिक क्षतिपूर्तिप्रति बढी केन्द्रित छ जुन निकै खेदपूर्ण देखिन्छ। द्वन्द्वपीडितहरूलाई अन्तरिम राहतको पनि जरुरी हुन्छ भन्ने कुरामा द्विविधा छैन तर त्यति गरेर मात्र राज्य उनीहरूप्रतिका सम्पूर्ण दायित्वबाट पन्छिन मिल्दैन। आर्थिक सहायताको साथसाथै राज्यले भविष्यमा फेरि यस्ता मानवअधिकार उल्लंघका घटनाहरूको पुनरुक्ति हुँदैन भन्ने कुरामा पीडितहरूलाई विश्वस्त तुल्याउनु पर्दछ। मौद्रिक सहायता विशेषत: आर्थिक जिम्मेवारीप्रति मात्रै केन्द्रित छ र यसका अलावा राज्यले आफ्ना नागरिकहरूको पीडाको नैतिक जिम्मेवारी पनि वहन गर्न जरुरी हुन्छ।

त्यसकारण राज्यको प्राथमिकता पीडितलाई दुवै आर्थिक र नैतिक पीडाबाट मुक्त गराउनु हो। यसको बाबजुद पनि पुनर्लाभसम्बन्धी नीति तर्जुमा गरेर विभिन्न संघसंस्थाहरूलाई उक्त नीति उपर सुझावको आग्रह उपलब्ध गराएकाले हामी सरकारप्रति सराहनीय छौं। यो हाम्रो छोटो टिप्पणीले सो मस्यौदा अझै परिष्कृत बनाउन र पीडितहरूको आवश्यकता पूर्ति गर्न मद्दत पुऱ्याउने छ भन्ने आशा लिएका छौं।

प्रथमत: यस नीतिले विभिन्न समितिहरूको निमार्णको परिकल्पना गरेको छ। सो अनुरूप पीडितले क्षतिपूर्ति दावी गर्नको निम्ति विभिन्न संख्या र प्रकारका निवेदन पेश गर्नुपर्ने हुन्छ। एउटै पीडितले विभिन्न शीर्षकमा क्षतिपूर्ति प्राप्त गर्नसक्ने प्रावधान भने प्रशंसनीय छ तर के कुरामा सचेत हुन जरुरी छ भने कतै यस प्रावधानमा आइपर्ने प्रक्रियागत झन्झट र राहत वितरणमा देखापर्न सक्ने व्यवधानहरूले गर्दा पीडितलाई पुन मानसिक आघात नपुगोस्। समितिहरूको संरचना जसअन्तर्गत विभिन्न सरकारी विभागहरूको संलग्नता रहने छ र त्यसले गर्दा पीडकहरूनै पीडितहरूलाई क्षतिपूर्तिको मात्रा निर्धारण गर्ने र वितरण गर्ने स्थानमा रहने ठूलो सम्भावना रहन्छ। यस्तो संरचनाले गर्दा भविष्यमा फेरि राज्यद्वारा पीडितहरूप्रति पुन मानवअधिकार उल्लंघनका घटनाहरूको पुनरावृति हुँदैन भन्ने कुराको प्रत्याभूति दिन नसक्ने देखिन्छ।

दोस्रो, निर्देशिकामा उल्लेख गरिएको पीडितको परिभाषा पनि अस्पष्ट छ। निर्देशिकामा उल्लेखित नागरिक भन्ने शब्दलाई परिवर्तन गरेर व्यक्ति भन्ने शब्द राखिनु जरुरी छ किनकि पुनर्लाभ कुनै व्यक्ति विशेषको पीडाको सट्टामा प्रदान गरिने राहत हो नकि पीडितमा निहित कुनै विशेष निर्धारकको आधारमा। पीडितको परिभाषा वा परिचय खुलाउने वाक्यांशले कैयन यस्ता पीडितहरू जोसँग नागरिकता छैन अथवा उसको नागरिकता वा परिचय खुलाउने आधिकारिक कागजात द्वन्द्वको दौरानमा हराएको वा ध्वस्त भएको पीडितहरूसम्म वास्तविक पुनर्लाभ नपुग्न सक्छ।

तेस्रो, मानवअधिकार उल्लंघनका घटनाको प्रकार जसले क्षतिपूर्ति प्राप्त गर्ने योग्यता निर्धारण गर्छ, त्यो पनि भ्रामक नै रहेको छ। क्षतिपूर्तिका लागि योग्यता निर्धारकहरूमा द्वन्द्वका कारणले मृत्यु भएका व्यक्तिप्रति आश्रित (श्रीमान, श्रीमती, छोरा, छोरी, बाबु, आमा र परिवारका अन्य सदस्यहरू– संयुक्त परिवारको हकमा), द्वन्द्वका कारण अशक्त वा घाइते भएको व्यक्ति, द्वन्द्वको कारणले विस्थापित व्यक्ति वा परिवार (आन्तरिक विस्थापनमा परेका परिवार), बेपत्ता नागरिकहरू र उनीहरूको परिवार, अपहरणमा परेका व्यक्ति र द्वन्द्वले भौतिक सम्पत्तिमा क्षति पुगेका व्यक्तिहरूप्रति मात्र सीमित बनाइएको छ। यातना पीडित, अशक्त, लैङ्गिक हिसांका शिकार, अङ्गभङ्ग भएकाहरू र घाइते व्यक्तिहरूलाई क्षतिपूर्ति प्राप्त गर्न योग्य व्यक्तिको रूपमा राखिएको छैन।

निर्देशिकामा गरिएको यो वर्गीकरण निकै त्रुटिपूर्ण छ। यातना जघन्य मानवअधिकार उल्लंघन हो भन्ने बारेमा दुईमत छैन। बेपत्ता नागरिकलाई परिभाषित गर्न प्रयोग गरिएको भाषाको कारणले गर्दा लामो समयसम्म अपहरणमा परेका र शारीरिक, मानसिक यातना पाएका व्यक्तिहरूलाई पीडितको दर्जा दिन नखोजे जस्तो देखिन्छ। त्यसैगरी लैङ्गिक दृष्टिकोणले पनि पीडितको वर्गीकरण असामान्य देखिन्छ। बलात्कार र यौनजन्य हिसांका शिकार भएका महिलाहरूको अधिकारलाई सरकारले पूर्णरूपमा बेवास्ता गरेको छ। विशिष्टिकृत रूपमा भन्ने हो भने यसले द्वन्द्वको मारमा परेका महिलाको पीडा आत्मसात गर्न अरुचि देखाएको छ।

"आश्रित" शब्दको प्रयोग पनि विवादस्पद छ किनकि यस निर्देशिकाले के परिकल्पना गरेको छ भने द्वन्द्वको कारणले मृत्यु हुने वा अन्य कारणले मानवअधिकार उल्लंघन हुने सबै वयस्कनै हुन्छन्। तर वास्तविकता त्यो भन्दा अलि फरक छ। उदाहरणको रूपमा कुनै व्यक्ति जो १८ वर्षभन्दा कमको छ र जसको द्वन्द्वको कारणले मृत्यु भएको छ वा अन्य कुनै जघन्य मानवअधिकार उल्लंघनको घटनाबाट ऊ पीडित भएको रहेछ भने त्यो बालक कुनै पनि प्रकारको क्षतिपूर्ति पाउन योग्य हुने छैन किनभने उसले विगतमा कुनै पनि प्रकारको आम्दानी गर्ने नगरेको र उसले परिवारलाई कुनै पनि प्रकारको आर्थिक सहायता प्रदान नगर्ने गरेकोले परिवार उप्रति आश्रित थिएन त्यसैले उसले वा उसको परिवारले आश्रितको रूपमा कुनै पनि प्रकारको क्षतिपूर्ति प्राप्त गर्न सक्दैनन भन्ने अर्थ लाग्दछ। तसर्थ पुनर्लाभ योजना निमार्ण गर्दा परिवारले व्यहोरेको आर्थिक क्षति साथै नैतिक क्षतिको पनि आधार मानिनुपर्छ। जबर्जस्ती बालसैन्यमा भर्ती गरिएका बालबालिकाबारे सरकारी नीति मौन छ किनभने त्यस कार्यलाई सरकारले मानवअधिकार उल्लंघनको दायराभित्र राखेको छैन। त्यसबाहेक संयुक्त परिवारका अरू सदस्यहरू भन्नाले कस-कसलाई जनाउँछ भन्ने बारे पनि नीति प्रस्ट छैन जसले गर्दा यो पुनर्लाभ योजना कार्यान्वयन गर्न धेरै कठिनाई ल्याउने कुरा प्रस्ट छ।

# जवाफदेहीता निगरानी समितिद्वारा आगामी रणनीति तय

### प्याकुरेललाई अध्यक्षको कार्यभार सुम्पियो



हालै सम्पन्न संविधानसभाको चुनावमा नेकपा-माओवादीको विजयले उत्पन्न गरेको परिवर्तित राजनैतिक सन्दर्भमा जवाफदेहीता निगरानी समितिले वकालत र लबिङ्गका नयाँ रणनीतिहरु अवलम्बन गरेर अगाडि बढ्ने निर्णय गरेको छ।

उपरोक्त निर्णय सो समितिको ९ मई २००८ मा काठमाण्डौमा आयोजित बैठकमा गरिएको थियो। विभिन्न मानवअधिकारसम्बन्धी विषयहरुमाथि समितिले विगतमा चालेका प्रमुख कदमहरु तथा हस्तक्षेपहरुको सिहांवलोकन गर्दै सो बैठकमा देशमा व्याप्त दण्डहीनताको संस्कृतिको मुकाबिला गर्न नयाँ तरीका र रणनीति तय गर्न, मानवअधिकार संस्थाहरुबीच अझै दह्रो सहकार्य तथा मानवअधिकार रक्षकमाथि हुनसक्ने सम्भावित आक्रमणको रोकथाम गर्ने लगायतका विषयहरुमा व्यापक छलफल गरिएको थियो।

यस्तै गरी १० जुनमा आयोजित समितिको अर्को बैठकमा वरिष्ठ मानवअधिकारकर्मी सुशील प्याकुरेललाई सर्वसम्मतिले अध्यक्ष पदमा चयन गरेको थियो। जवाफदेहीता निगरानी समिति संक्रमणकालीन न्याय संयन्त्रहरु स्थापना गर्ने प्रक्रियाको लागि लबिङ्ग गर्ने तथा राज्यले आफ्नो विगतलाई विस्मरण नगरोस भनेर दवाब दिने उद्देश्यले स्थापना गरिएको नेपालका लब्धप्रतिष्ठित मानवअधिकार रक्षकहरुको साझा मञ्च हो।

## संक्रमणकालीन न्याय, पुनर्लाभ र लैङ्गिक सवालहरुमा छलफल

संक्रमणकालीन न्याय, पुनर्लाभ र लैङ्गिक सवालहरुमा छलफलहरु शुरु गर्ने अभिप्रायले एड्भोकेसी फोरम र संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आईसिटिजे) ले संयुक्त रुपमा " नेपालमा लिङ्ग, संक्रमणकालीन न्याय र पुनर्लाभको अवस्था" नामक एक गोष्ठीको आयोजना गत ११ जुन गते काठमाण्डौमा गरे।

उक्त कार्यक्रममा पूर्वी टिमोरका संक्रमणकालीन न्याय विशेषज्ञ गउला वान्डिताले समुदाय मापचित्रण (Community Mapping) मा विशेष जोड् दिंदै पूर्वी टिमोरको आन्तरिक द्वन्द्व ( सन् १९६५–१९९९) पश्चात गठित सत्य निरुपण तथा मेलमिलाप आयोग (CAVR) को संरचना, कार्यादेश, सत्य उजागर गर्ने प्रक्रिया, पीडितहरुलाई सहयोग र सो आयोगको अन्तिम प्रतिवेदनलाई समेटिएको एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यस्तैगरी, संवैधानिक कानुनका प्राध्यापक तथा आइसिटिजेको "लिङ्ग र पुनर्लाभ" सम्बन्धी परियोजनाका प्रमुख रुथ रुवियोले विभिन्न प्रकारका पुनर्लाभहरुको बारेमा उल्लेख गर्दै "निदानको हक" भन्ने शब्दावलीलाई क्षतिपूर्तिको रुपमा मात्रै नहेरी पीडकहरुलाई न्यायको कठघरासम्म पुऱ्याउने साधनको रुपमा हेरिनु पर्ने कुरा प्रष्ट पार्नुभयो। सो गोष्ठीमा आफ्ना अनुभवहरु पोख्दै एड्भोकेसी फोरमका कार्यकारी निर्देशक मन्दिरा शर्माले सत्य निरुपण तथा मेलमिलाप आयोगको गठनपूर्व देशभरका महिलाहरुको धारणा आत्मसात गर्नुपर्ने कुरा महत्वपूर्ण हुने कुरामाथि प्रकाश पार्नुभयो।

"जहाँ र जहिले पनि द्वन्द्व भयो, महिला र बालबालिकाहरुनै त्यसका प्रमुख शिकार बने। त्यसकारण, अहिलेको परिस्थितिलाई महिलाको नजरबाट हेरेर विश्लेषण गर्नु आवश्यक छ जसको फलस्वरुप चारैतिर व्याप्त महिला अधिकारका उल्लंघनका घटनाहरुलाई मुकाबिला गर्न महिलाकेन्द्रीत कानुनको निमार्ण गर्न सकिन्छ।," वहाँले भन्नुभयो। यसको अलावा वहाँले भविष्यमा बन्ने आयोगहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न गम्भीर पहल गर्नु पर्ने कुरा पनि औल्याउनुभयो।

## सत्य आयोगको प्रक्रियामा बालबालिकाहरुलाई पनि समाहित गरिनु पर्ने कुरामा जोड

एड्भोकेसी फोरम, संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आईसिटिजे) र पीपीसिसिद्वारा संयुक्त रुपमा आयोजित "संक्रमणकालीन न्याय प्रक्रियामा बालबालिका" नामक एक कार्यशाला गोष्ठीका सहभागीहरुले सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेशमा बालबालिकालाई स्थान दिईनुपर्ने कुरा अत्यन्त जरुरी रहेको कुरालाई जोड दिए। सत्य निरुपण आयोगको मस्यौदा विधयेकमा द्वन्द्व पीडित बालबालिकाहरुको सवाललाई आश्चर्यपूर्ण ढङ्गले समाहित नगरिएको भन्दै सहभागी वक्ताहरुले सो कुरालाई उक्त विधयेकमा उचित स्थान दिएर ती बालबालिकाहरुको पूर्नस्थापनातर्फ ध्यान केन्द्रीत गर्नुपर्ने तथ्यलाई औल्याएका थिए।

हालसम्म छलफलमा नआएको द्वन्द्वपीडित बालबालिकाहरुको सवाललाई मुखरित गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा बालबालिकाहरुको मनोसामाजिक आवश्यकताहरुलाई सम्बोधन गर्न विभिन्न रणनीतिहरुपनि तयार गरिएको थियो। स्मरण रहोस, एड्भोकेसी फोरमले पीपीसिसिसँग मिलेर सत्य निरुपण तथा मेलमिलाप आयोगको मस्यौदा विधयेकमा बालबालिकाहरुको स्थानबारे एक अध्ययन पनि गरिरहेको छ।

## सर्वेक्षण प्रतिवेदनको प्रसार

संक्रमणकालीन न्यायका विभिन्न संयन्त्रहरुबारे द्वन्द्व पीडितको धारणा बुझ्न एड्भोकेसी फोरम र संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आईसिटिजे) ले संयुक्त रुपमा गरेको सर्वेक्षणको प्रतिवेदन प्रसार गर्ने कार्य द्रुततर गतिमा अगाडि बढेको छ।





गत मार्च महिनामा सार्वजनिक गरिएको *"नेपाली आवाजः न्याय, सत्य, पुनर्लाभ, मेलमिलाप र नेपालको संक्रमणकालसम्बन्धमा पीडितहरुको धारणा"* नामक सो प्रतिवेदन देशका दुई विकास क्षेत्र (पूर्व र पश्चिम) तथा पाँचवटा जिल्लाहरुमा (बाग्लुङ्ग, उदयपुर, धनुषा, कपिलवस्तु र रुपन्देही ) प्रसारित गरियो।




सो प्रतिवेदनको प्रसार सँगसँगै संक्रमणकालीन न्यायका संयन्त्रहरु र सत्य निरुपण तथा मेलमिलाप आयोग एवम् बेपत्ता सम्बन्धी आयोगको स्थापना सम्बन्धमा हालको प्रगति विवरण दर्शाउने एक कार्यशाला गोष्ठीको आयोजना पनि गरिएको थियो।



सो गोष्ठीहरुमा मन्दिरा शर्मा, जीतेन्द्र बोहरा, कार्ला फर्जादो, वारिसा फरासत र जेम्स ग्यालनले प्रस्तुतिकरण गर्नुभएको थियो।

# न्यायको पर्खाईमा एक यातना पीडित

मानवअधिकार रक्षकको डायरीबाट



मिति २०६३।९।२२ को कुरा हो म विहान सवेरै उठेर अफिसमा पुगे । अफिसमा वसी रहेको अवस्थामा मेरो आफ्नै मोवाइलमा फोन आयो । त्यतिबेला मध्यरातमा पनि फोनको घण्टी बज्नु कुनै आश्चर्य थिएन किनकि मानवअधिकार उलंघन का घटनाहरुको अभिलेखिकरण गर्ने क्रममा स्वयंसेवकहरु जिल्लाको सवै क्षेत्रमा खटिरहनु भएको थियो । कहाँबाट बोल्नु भयो भन्दा रुपन्देही जिल्लाको साँडी गा.वि.स. वडा नं. ३ वनगाईबाट हरि वोलेको भनि जवाफ आयो । के भयो के का लागी फोन गर्नु भयो भन्दा " सर यहाँ त माओवादीले रमनको दाँया खुट्टा भाँची दिएका रहेछन्" के गर्ने भन्ने प्रश्न आयो । मैले सम्पूर्ण विवरण लिएर आउनुहोस भनी फोन राखी दिए ।

त्यस्तो घटना सुन्ने वित्तिकै के हो कसो होला, कसरी त्यस्तो भयो भनि मनमा खुलदुली लागी नै रह्यो । पछि हरि भाईले विस्तृत विवरण सहितको रिपोर्ट लिएर आएपछि धेरै कुरा जानाकारी भयो तर पीडित रमनलाई प्रत्यक्ष नदेखे सम्म मलाई चित्त बुझेन । खुट्टा भाँचिएर झुण्डीएको छ, वैशाखी नटेकी हिड्न मिल्दैन भनी वताएकोले साथी सविन र म मिति २०६३ ।९।२६ का दिन पीडितको घरमा पुग्यौं । घर मा पुग्दा घरको वरण्डामा बसी रहेका एउटा खुट्टा भाँचिएको मान्छे र अर्को वृद्ध मानिस समेत देख्यौं । कसैलाई नसोधी हेरी मात्र रहयौं । त्यती नै बेला तिनै खुट्टा भाँचिएका मानिसले तपाईहरु को हुनुहुन्छ, कहाँबाट किन आउनु भयो भनी प्रश्न सोध्नु भयो । त्यसपछि मैले भने "हामी एढ्भोकेसी फोरम भन्ने संस्थाबाट आएका मानवअधिकारकर्मी हौं" भनी आफ्नो परिचय दिदै वकील पनि रहेको जानकारी दियौं । पछि उहाँले आफ्नो आँखाबाट आँसु झार्दै हामीलाई बस्नुस भन्दै रुन थाल्नु भयो । हामीले नरुनुहोस, कसरी यस्तो भयो, किन यस्तो गरीयो ? भनी घटना विवरणका सम्वन्धमा प्रश्न गर्न थाल्यौं ।

त्यसै क्रममा उहाँले आफ्नो नाम रमन भएको र आफू नेपाली काङ्ग्रेसको कार्यकर्ता भएको भनी वताउनु भयो । कपडा सिलाई बुनाईको काम गर्ने, स्थानिय बजार व्यवस्थापन समितिको अध्यक्ष तथा सामाजिक कार्यमा जनताको तर्फबाट अगाडी सरेर वोल्ने गर्दा सोही चौराहामा गल्लाको व्यापार गर्ने दुइजना वनियाले रिसइवी लिएको बताउनु भयो । ती दुईमध्ये एकजनाको छोरा हरिदासको टंकी ( पसल ) श्याम भन्ने व्यक्तिको जग्गामा भएको र सो हटाउन समिति सँग एक हप्ताको समय दिएकोमा, कपिलवस्तुको एक माओवादी मार्फत फोन गराई मलाई किन हटाउन भनेको भन्दै गाली गर्न थाले । पछी टंकी हटाउने भनेको दिनमा एकजना माओवादी कार्यकर्ता समेत भई तिनीहरु टंकी किन हटाउने भन्दै मसँग झगडा गर्न थाले ।

घटना का सम्बन्धमा सुनाउँदै मिति २०६०।११।१० गते सोमबार साँझ ६:५५ बजे तिर एउटा पसलमा चिया खाई रहेको अवस्थामा एक्कासी हातहतियार सहित आएका १५० जना व्यक्तिहरुले मलाई समाती दुवैहात पछाडी लगी वाँधी ४/४ जनाले दुई तिरबाट कन्चटमा पेस्तोल ताकी " यही हो सुराकी हाम्रो दुश्मन भन्दै हिड भनी "जवरजस्ती घिसार्न थाले " मैले किन यस्तो गर्नु हुन्छ ? मैले के गल्ती गरेको छु भनि सोध्दा " ए तं अझ वढ्ता बोल्छस् केही वेर पछि सवै कुरा थाहा पाउँछस् भन्दै अलिपर बाटोमा लगी भुईमा पल्टाई एकजनाले रुमालले आँखा वाध्न थाले, अर्कोले तैले माओवादी विरुद्ध के काम गरिस सम्झीत ? भन्दै " प्रहरी आउँदा राख्ने, चिया खुवाउने, कपडा सिलाई दिने र माओवादीलाई चिनाई दिने गर्दछस" भन्दै तलाई सुराकीको आरोपमा जनकारवाही गर्दछौं भनी गाली गलौज गर्न थाले । मैले अनेकौं विन्ती गर्दै त्यस्तो कारवाही नगरीदिन अनुरोध गर्दा कुनै सुनुवाई नगरी २०/२५ जनाले मेरो दायाँ खुट्टा ढुङ्गा माथी राखी सवैले जुत्ता बुटले अचेटी समाती भाग्न उम्कन नसक्ने गरी समाए । तत्पश्चात ४/४ जनाले दुवैहात समाई पेस्तोल देखाई दुवै हात बाँधी मेरो शरिरमा चढी एकजनाले ढुङ्गा उठाई ल्याई सो माथी मेरो दाहिने खुट्टा राखी घनले १० चोटी हानी ठोकी भाँची दिए । अर्को माओवादी कार्यकर्ताले खुट्टा छिन्यो भन्दै माओवादी जिन्दावाद भन्दै नारा लगाई फोनवाला र बसवालाहरुलाई यसलाई कहि नलान भनेका रहेछन् । हड्डी बाहिर निस्कीई भाँचीएको रहेछ । उपचारको क्रममा भारतको दुईवटा शहरमा २ साल ६ महिना सम्म बसेको हुँ ।



त्यसरी घट्ना विवरण वताउँदा मनमा साह्रै नै दुःख्दो रहेछ । रमनको १ श्रीमती, १ छोरी, १ छोरा र वृद्ध बाबुआमा रहेका छन् । छोरा छोरीले आर्थिक अभावका कारण पढ्न पाएका छैनन् । जो भएको खेतबारी पनि उपचार गर्दा सिद्धिईसकेको रहेछ । वृद्ध आमा बुवाले मेहनत मजदुरी गर्न नसक्ने, छोरा छोरी समेत सानै भएका, एउटी श्रीमतीले कति मेहनत मजदुरी गरी कति कमाई गरी ति सवैको पालन पोषण गर्ने, सधै काम पनि नपाईने, खेती किसानी गर्न जग्गा जमिन नै नभएको अवस्थाले गर्दा अनवर अली मुसलमान वढो चिन्तित छन् । कही कतैबाट कसैले पनि द्वन्द पिडीतलाई हेर्दा रहेनछन् । खुट्टा अझै निको भएको छैन् । वकालत मंञ्च नेपालको पहलमा रेडक्रसबाट १०,०००/– को किराना पसल खोली दिएको तर थप लगानी गर्न नसक्दा र औषधी उपचारमा पैसा लगाउने अन्य श्रोत नहुँदा त्यो पनि चल्न छाड्यो भन्दै गह भरी आँसु झारी खुट्टाको घाउ अझै दुखी रहन्छ भन्छन रमन ।

नियमित रुपमा सिलाई कटाई गरी जिवन गुजारा गरी आफु र आफ्ना वृद्ध बाबु आमा, नाबालक छोरा छोरी श्रीमतीको पालन पोषण गरी आएको रमन आफु किन यसरी दण्डीत हुनपर्‍यो त्यो कुराको जानकारी समेत छैन । आफूले कुनै गल्ती नगरेको माओवादी विरुद्ध सुराकी नगरेको तर आफू सँग राजनैतिक रिसइवी राख्ने दुईजना वनियाले आफु सँग वदला लिन रु.५०,०००/– नेपाली रुपैया चन्दा दिई माओवादी लगाई त्यो घटना गराएको भन्नुहुन्छ ।

प्राय हप्तामा १ पटक आफै आउने वा फोन गरी मेरो लागी अरु केही हुन सक्दैन वकील साप भन्दै फोन गर्दा कहिले काही " कति नै ऋण खाए झै गरी फोन गर्‍या गरै हो भन्ने जस्तो रिस उठछ तर एउटा मानवअधिकारकर्मी र कानून व्यवसायी भएको नाताले फेरि मनमा चिन्ता लागी रहन्छ, द्वन्दपीडितका लागी केही गर्न सकिएन् सरकारले पनि खासै प्याकेजका कार्यक्रम ल्याएन के गर्ने कसो गर्ने, कसरी न्याय दिलाउने यी आदी प्रश्नहरुले चिन्तीत वनाई रहन्छ ।

पीडित रमन कहिले सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ला र आफूले न्याय, क्षतिपूर्ति र प्रयाप्त औषधोपचार पाप्त गरौला भन्ने पर्खाइमा जीवन यापन गर्दैछन ।

## सरकारी पुनर्लाभ नीति ........................

यसैगरी, क्षति भएका सरकारी संस्थानहरूलाई पनि पीडितकै दर्जामा राखिनाले प पुनर्लाभ योजनाको बारेमा सरकारी बुझाई प्रस्ट नभएको देखिन्छ। वास्तवमा पुनर्लाभ भनेको पीडितहरूको व्यक्तिगत वा समुदायको आवश्यकता र पीडालाई केही हदसम्म क्रमशः पूरा र कम पार्ने प्रक्रिया हो नकि क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण।

अन्त्यमा, परिभाषा दफाले द्वन्द्वपीडितहरूको अनेकन आवश्यकताहरूको पहिचान गरेको छ तर पीडितहरूसँगको कुनै छलफलबिना तय गरिएका यी आवश्यकताहरू कतिको सापेक्ष छन् भन्ने कुरामा चाहिँ प्रश्न गर्न सकिने प्रस्ट ठाँउहरू छन्।। नीति के कुरामा स्पष्ट हुन जरुरी छ भने मौद्रिक आवश्यकता पनि पीडितको प्राथमिक आवश्यकताहरू मध्ये एक हो तर एकमुष्ठ कुनै पनि परिमाणको रकम प्रदान गर्ने कार्य दिगो हुँदैन किनकि पीडित वा उनीहरूको परिवारको वेदना र आवश्यकताहरूलाई प्रयाप्तरूपमा सम्बोधन गर्न दीर्घकालीन उपायहरू अपनाउन जरुरी हुन्छ। यस अर्थमा एकमुष्ठ क्षतिपूर्ति रकम दिनुभन्दा पनि मासिक भत्ता वा निवृत्तिभरणका रूपमा किस्ताबन्दीमा दिनु उपयुक्त हुन्छ।

चौथो, द्वन्द्वको कारणले मृत्यु भएको व्यक्तिको हकमा उसको तीन जनासम्म सन्तानले छात्रवृति पाउने प्रावधान छ र यो संख्याको सीमितता प्रयाप्त श्रोतको अभावले हुनसक्छ तर ती बालबालिका जसको बाबुआमा दुवै द्वन्द्वमा परेर मरेका छन् उनीहरूका आफ्नै प्रकारका पीडा हुन्छन् र क्षतिपूर्ति पाउनु पर्ने तथा तिनीहरूले भोगेका पीडाको स्वीकारोक्ति गरिनु पर्ने अधिकार प्रत्येक बालबालिकाको हुन्छ। छात्रवृतिको रकम पनि एकमुष्ठ नै दिने प्रावधान राखिएकोमा उक्त रकम परिचालन गर्नको लागि जिम्मेवार व्यक्तिको हुने भन्ने बारेमा पनि नीति मौन छ जसले गर्दा शैक्षिक प्रयोजनको लागि दिइएको उक्त रकम परिवारका अन्य सदस्यहरूद्वारा दुरुपयोग हुनसक्ने जोखिम पनि उत्तिकै रहेको देखिन्छ।

पाँचौ, विधवा र प्रथम हकवाला बिचमा भिन्नता किन गरिएको भन्ने बारेमा यो नीति अस्पस्ट छ। आर्थिक सहायताको सन्दर्भमा विधवाले प्राप्त गर्ने रकम रु २५,०००/– र प्रथम हकवाला (immediate beneficiary) ले प्राप्त गर्ने रकम रु १००,०००/- बीचको ठूलो भिन्नता पनि यो नीतिको अर्को कमजोरी पक्ष हो। यहाँ प्रश्न के उठ्न सक्छ भने विधवा प्रथम हकवाला हुन सक्ने कि नसक्ने। अनुभवले के पनि देखाएको छ भने पीडित महिलाहरूको हकमा क्षतिपूर्तिको रूपमा प्रदान गरिने एकमुष्ठ रकम लिए पनि उनीहरू पूर्वाग्रहको शिकार बन्नुपर्ने देखिन्छ। विशेषतः नेपाली समाज पितृसत्तात्मक भएका कारणले गर्दा परिवारका पुरुष सदस्यले महिलाहरूले प्राप्त गरेको रकम कब्जा गर्नसक्ने सम्भावना निकै प्रवल छ। त्यसकारण किस्ताको रूपमा दिइने पेन्सन जस्तो प्रावधान यसमानेमा उपयुक्त ठानिएको छ। फेरि पनि महिलाको सवालमा यो नीति अत्यन्त विभेदकारी देखिएको छ, उदाहरणको लागि पीडित विधवा जसले पुर्नविवाह गरेकी छिन्। महिलाले पुनर्विवाह गर्ने वित्तिकै उनले भोगेका सबै पीडा कम हुन्छन् र सब आफै ठीक हुन्छ भन्ने मनसाय अभिव्यक्त गर्नु पनि त्रुटिपूर्ण ठहर्छ।

छैटौं, आर्थिक क्षतिपूर्ति दिनुभन्दा पहिले अपहरणमा परेका र बेपत्ता भएका नागरिकबीचको भिन्नतालाई पहिल्याउनु जरुरी छ किनभने अपहरण र बेपत्ता दुई भिन्न प्रकृतिका अपराधहरू हुन्। तर हालको नीतिले गैर-राज्य पक्षबाट अपहरित व्यक्तिहरू पनि पुनर्लाभ प्राप्त गर्न उत्तिकै हकदार छन् भन्ने तथ्यलाई आत्मसात गरेको छैन।

पीडितहरूलाई राहत, उनीहरूको क्षति र पीडाप्रतिको सहानुभूति, पीडितहरूको सही पहिचान र त्यस्ता घटनाहरूको पुनरावृति हुन नदिने आश्वस्तता नै कुनै पनि पुनर्लाभ योजनाको राम्रो सुरुआत हुनसक्छ। नेपाल सरकारले सन् २००७ मा पीडितहरूको पहिचानको लागि एउटा कार्य समिति गठन गरेको थियो तर त्यस समितिले सो कार्यलाई पूर्णता दिन भने हालसम्म सकेको छैन। अपूर्ण तथा निरन्तरताको अभावले गर्दा पीडितहरूको सही पहिचानको सट्टामा गलत व्यक्तिहरूले पीडितको रूपमा अगाडि आएको तथ्य निस्केको छ जसले गर्दा वास्तविक पीडितहरू पुनर्लाभबाट वञ्चित हनुपग्ने परिस्थिति जन्माएको छ। पीडितहरूको पहिचानको लागि एउटा सशक्त संरचना बनाउन जरुरी छ जसले पूर्ण रूपमा पीडितका पहिचानसम्बन्धी काम गर्न सकोस् र समाजका विभिन्न तहमा गएर पीडितहरूबारे जानकारी संकलन गर्न तथा ती जानकारीमध्ये आफूलाई आवश्यक वा सापेक्ष जानकारीहरूको छनोट गरोस्। अर्को महत्त्वपूर्ण तथ्य के हो भने कुनै पनि पुनर्लाभ योजना कार्यान्वयनमा ल्याउनुभन्दा पहिले पीडितहरूको आवश्यकताबारे उनीहरूसँग परामर्श गरी निर्धारण गर्न जरुरी हुन्छ। उदाहरणको लागि एउटा बालकको आवश्यकता शिक्षा हुनसक्छ भने अर्को घाइते व्यक्तिको आवश्यकता तत्काल उपचार हुनसक्छ। त्यसैले सबै पीडितको आवश्यकताको सामन निर्धारक हुनुहुँदैन।

नेपाल सरकारले ल्याउन लागेको यस्तो पुनर्लाभ नीति द्वन्द्वपीडितहरूको पीडा कम गर्नको लागि एउटा कोसेढुङ्गा हो तर पीडितहरू र सम्बन्धित सरोकारवालाहरू जस्तै स्वास्थ्य, शिक्षा, स्थानीय विकास र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयहरूसँगको यथोचित परामर्श पछि मात्र पूर्ण नीति तयार गरिनुपर्छ। नीतिलाई आम वैधानिकता प्रदान गर्न र यसको प्रभावकारिता बढाउनको निम्ति सो नीति तयार गर्दा तथा कार्यान्वयन गर्दा पीडित लगायतका सरोकारवालाहरूलाई समाहित गर्नु अत्यावश्यक हुन्छ।

## एड्भोकेसी फोरमद्वारा जुन २६ प्रतिवेदन सार्वजनिक




यातना पीडितको समर्थनमा अन्तर्राष्ट्रिय दिवस–२००८ को अवसरमा पारेर एड्भोकेसी फोरमले *"आशा र निराशा - यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को प्रभावकारिताः एक मूल्याङ्कन"* नामक प्रतिवेदन सार्वजनिक गरेको छ। सो प्रतिवेदन एड्भोकेसी फोरम कार्यरत रहेको अन्य १२ वटा जिल्लाहरुमा पनि एकैसाथ सार्वजनिक गरिएको थियो।

नेपालमा भएका यातनाका घटनाहरुको संक्षिप्त रुपरेखा प्रस्तुत गर्दै यस प्रतिवेदनले यातनासम्बन्धी क्षतिपूर्ति ऐन-२०५३ मा रहेका कमीकमजोरीहरुलाई विस्तृत रुपमा केलाएको छ। यस प्रतिवेदनले यातनासम्बन्धी क्षतिपूर्ति ऐनलाई न्याय प्राप्त गर्ने माध्यको रुपमा प्रयोग गर्दा पीडितहरुले भेल्नुपर्ने निराशालाई पनि प्रतिध्वनित गर्दछ। एड्भोकेसी फोरमका विभिन्न १६ वटा जिल्लाहरुमा रहेका कानून व्यवसायीहरुद्वारा सरकारी मातहतमा रहेका ४० वटा थुनुवाकेन्द्रहरुको दैनिक अनुगमनका आधारमा तयार पारिएको यो प्रतिवेदनले निम्न लिखित सुझावहरु पेश गरेको छः

१.पीडकहरुलाई अभियोजन गरिने तथा प्रमाणको भार वहन गराउने स्पष्ट प्रावधानहरु उल्लेख गरेर यातनालाई अपराधिकरण गर्ने एउटा वृहद कानूनको मस्यौदा गर्नुपर्ने। यस्तो कानुन पीडितकेन्द्रीत हुनुपर्ने तथा मुद्दा दर्ता गर्ने ३५-दिने हदम्यादलाई बढाउने हुनुपर्दछ।

२. पीडितलाई पर्याप्त पुनर्लाभ र पुनस्थापनाको व्यवस्था गरिएको ऐनको मस्यौदा गर्ने

३. संयुक्त राष्ट्रसंघीय यातना महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्नुपर्ने।

४. यातनासम्बन्धी मुद्दाहरुको शीघ्र तथा निष्पक्ष छानबिन गर्न एउटा छुट्टै स्वतन्त्र संयत्रको स्थापना गर्नुपर्ने। यस्तै यातना पीडित तथा साक्षीको संरक्षण गर्न एउटा छुट्टै स्वतन्त्र संयत्रको स्थापना गर्नुपर्ने

५. थुनुवाहरुको प्रभावकारी शारीरिक परिक्षण गर्न चिकित्सकहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने।

६. एउटा वृहद संक्रमणकालीन न्याय संयत्रको स्थापना गरि १०-वर्षे द्वन्द्वकालमा भएका यातनाको घटनाहरुको छानबिन गर्ने र पीडितहरुलाई राहतको व्यवस्था गर्नुपर्ने।


**एड्भोकेसी फोरम**
पवित्र प्यारा मार्ग, बालुवाटार
पो.ब.नं २१७९८ ,काठमाण्डौ, नेपाल
टेलिफोन:९७७-१-४४३०९५१/फ्याक्स: ९७७-१-४३७४४०
इमेल: *info@advocacyforum.org.np*
वेवसाइट: *www.advocacyforum.org*
क्षेत्रिय कार्यलयहरु : विराटनगर (पूर्व), पोखरा (पश्चिम), नेपालगंज (मध्य-पश्चिम), र महेन्द्रनगर (सुदूर-पश्चिम)
जिल्ला कार्यलयहरु : उदयपुर, धनुषा, बाग्लुङ्ग, रामेछाप, सुर्खेत, कपिलवस्तु, रुपन्देही, दोलखा र बर्दिया